## मिति २०८१ असार ७ गतेको ३२ औं कार्यपालिका बैठकका निर्णयहरु:

१) अघिल्लो कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनका सम्वन्धमा बैठकमा छलफल गरियो साथै उक्त निर्णयहरु पूर्णरुपमा कार्यान्वयन भएको जानकारी गराइयो ।

२) यस आ. व मा यो महिना सम्म सञ्चालन भएका योजनाहरुको नगर उप प्रमुख लगायतको अनुगमन समितिले अनुगमन गरि पेश गरेको प्रतिवेदन पारित गरियो ।

३) राजश्व परामर्श समितिले पेश गरेको दररेटको आधारमा विधेयक समितिले तयार गरि पेश गरेको माडी नगरपालिकाको आर्थिक विधेयक २०८१ निर्णयार्थ आगामी नगरसभामा सिफारिस सहित प्रस्तुत गर्ने निर्णय गरियो ।

३) श्रोत अनुमान तथा सिमा निर्धारण समितिले दिएको बजेट सिमा भित्र रही वडा कार्यालय, विषयगत शाखा तथा समितिले योजना तर्जुमा समितिमा पेश गरेको विवरणको आधारमा योजना तर्जुमा समितिले तयार गरि विधेयक समिति मार्फत पेश भएको माडी नगरपालिकाको विनियोजन विधेयक २०८१ तथा आगामी आ.व. २०८०।०८१ को लागि बजेट वक्तव्य निर्णयार्थ आगामी नगरसभामा सिफारिस सहित प्रस्तुत गर्ने निर्णय गरियो ।

४) प्रमुख प्रशासकीय अधिकृतवाट प्रस्तुत तेन्हौं नगरसभाको कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो ।

५) राजश्व परामर्श समितिको सिफारिस बमोजिम यस नगरपालिकावाट निकासी हुने कवाडी, पटके सवारी तथा कृषि पशुजन्य वस्तुको कारोवारमा लगाइने निकासी करको लागि न्यूनतम रु. २० लाख ( मुल्य अभिवृद्धि कर वाहेक) मा ठेक्का बन्दोवस्त गर्ने निर्णय गरियो ।

६) यस नगरपालिकाको शिक्षा समितिवाट गठन भएको स्थानीय पाठ्यक्रम निर्माण विषयगत समितिले तयार गरेको माडी न. पा का आधारभूत तह (कक्षा ६–८) को स्थानीय पाठ्यक्रम २०८१ स्विकृत गर्ने निर्णय गरियो ।

७) यस नगरपालिकावाट स्विकृत कक्षा ४ र ५ को स्थानीय पाठ्यक्रम बमोजिम पाठ्यपुस्तक निर्माण विषयगत समितिले तयार गरेको हाम्रो माडी नामक पाठ्यपुस्तक स्विकृत गर्ने निर्णय गरियो ।

माडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय ...न्तपुर, चितवन ...ती प्रदेश

तारा कुमारी काजी महतो
नगर प्रमुख

निर्णय प्रमाणित
२०८१।३।८

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner